राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ मंसिर २२ गते

## संवैधानिक दायित्व अनुरुप आयोगको अनुगमन कार्य निरन्तर

राष्ट्रिय मानव अधिकार आयोगले २०७२ मंसिर १७ गते सर्लाही नवलपुरको जुटपानीमा आयोगको अनुगमन टोलीमाथि भएको आक्रमण तथा गाडीमा भएको तोडफोडको सम्बन्धमा अनुगमन टोली, आयोगको विभिन्न क्षेत्रीय तथा उपक्षेत्रीय कार्यालयका कर्मचारी, संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाका कार्यकर्ता एवं मधेशी बुद्धीजिविसँग छुट्टा-छुट्टै रुपमा छलफल गरेको छ । छलफलमा मोर्चाका नेताहरुले अनुगमन टोलीमाथि भएको आक्रमण प्रति दुख व्यक्त गर्दै आगामी दिनमा आयोगको अनुगमन टोलीलाई सहयोग गर्ने बताउनुभएको थियो । उहाँहरुले नवलपुर घटनाको सत्यतथ्य सार्वजनिक गर्न समेत माग गर्नुभएको थियो ।

संयुक्त मधेशी मोर्चा तथा बुद्धिजिवीहरुसँग भएको छलफलमा आयोगका अध्यक्ष अनूप राज शर्माले आयोगले पुन: तराई मधेशमा भइरहेको अवरोधको अनुगमन/अनुसन्धान गर्ने कार्यलाई निरन्तरता दिने भन्दै अनुगमन गर्ने संवैधानिक दायित्व अनुरुप आयोग चल्ने बताउनुभयो ।

केही दिन अगाडि आयोगले आन्दोलन र त्यसबाट उत्पन्न भएको वातावरण सहज नभएसम्मका लागि अनुगमन कार्य स्थगित गर्ने भन्ने सन्दर्भमा मधेशी मोर्चाका नेताहरुसँग छलफल गरेपछि आउँदा दिनमा आयोगको अनुगमन टोली माथि कुनै बाधा अवरोध नपुऱ्याउने मोर्चाका नेताहरुबाट विज्ञप्ति समेत जारी भएको र अगामी दिनमा हुने अनुगमनको कार्यलाई अवरोध नगर्ने प्रतिवद्धता आएपछि पुन: आयोगले अनुगमन गर्ने कार्यलाई निरन्तरता दिन लागेको हो ।

सो अवसरमा सद्भावना पार्टीका लक्ष्मण लाल कर्ण, तराई मधेश सद्भावना पार्टीका रामनरेश राय, संघीय समाजवादी फोरम नेपालका लालबाबु राउत, नेपाल मधेश फाउण्डेशनका तुलानारायण साह, जागृत नेपालका विजयकान्त कर्ण लगायतले आयोगले निष्पक्ष भएर तराई - मधेशमा भइरहेको आन्दोलनको अवरोधको अनुगमन गरिदिन आग्रह गर्दै आन्दोलनमा प्रहरी र आन्दोलनकारीबाट भइरहेका कियाकलापको आयोगले नजिकबाट अनुगमन गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्नेमा जोड दिनुभएको थियो । छलफलमा आयोगका सदस्यहरु तथा सचिवको उपस्थिति थियो ।

मोहना अन्सारी

सदस्य तथा प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३, पो.ब.नं. ९१८२, काठमाण्डौं, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal